# विकासका लागि मानवीय सहायता सञ्चार

मे - सेप्टेम्बर २०१५



Yuwalaya

युवालय

ज्वागल, ललितपुर

www.yuwalaya.org.np

विपद्का बेला बालबालिका र किशोरकिशोरीका आवाज सङ्कलन

# कृतज्ञता

यो परियोजना बालबालिका, किशोरकिशोरी, वृद्धवृद्धा लगायत सबैले सन् २०१५मा आएको ७.६ रेक्टर स्केलको भूकम्प र यसका अनगन्ती परकम्पको विनाशलाई सामना गरिरहेको सङ्कटपूर्ण समयमा सम्पन्न गरिएको हो ।यस परियोजनाले सबभन्दा प्रभावित समुदायलाई संरक्षण, खानेपानी तथा सरसफाइ, महामारी नियन्त्रण र तनाव व्यवस्थापनजस्ता महत्वपूर्ण विषमा अत्यावश्यक सूचना दिने, सचेतना जगाउने तथा ती समुदायलाई सामान्य जीवनमा फर्काउने कार्यमा सहयोग गऱ्यो ।युनिसेफ नेपालको सहयोग तथा चङ्गा मासिक बाल पत्रिकासँगको समन्वयमा युवालयले २०१५ मेदेखि सेप्टेम्बरसम्म १२ ओटा अति प्रभावित जिल्लामा यो परियोजना सञ्चालन गरेको हो ।

यस परियोजनाको कार्यान्वयनका लागि हामीलाई जिम्मेवारी दिनुभएकामा युनिसेफ नेपालप्रति कृतज्ञ छौँ । परियोजना अवधिभर आफ्ना अमूल्य सहयोग, मार्गदर्शन तथा सुझाव दिनुहुने युनिसेफको 'विकासका लागि सञ्चार' शाखाका प्रमुख रूद्रजित दास, सोही शाखाकी सञ्जू भट्टराई तथा 'बालमैत्री स्थानीय शासन'की अञ्जली शेरचन प्रधान तथा इन्दिरा कोइरालाप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।यस परियोजनालाई सफल बनाउन हामीसँगै संयुक्त पहल गर्नुहुने चङ्गा मासिक बाल पत्रिकालाई पनि धन्यवाद दिन चाहान्छौँ ।यसका प्रमुख राजेश शर्मा र सम्पूर्ण समूहलाई नै प्रभावकारी समन्वय र सहयोगका लागि विशेष धन्यवाद !

यस परियोजना सञ्चालनको नेतृत्व गर्नुभएकोमा सुशीला केसी र समग्र परियोजना समूहप्रति पनि हामी कृतज्ञ छौँ ।साथै परियोजनालाई सहसंयोजन गर्नुहुने लक्ष्मी भारती र विपना श्रेष्ठ पनि हाम्रो धन्यवादका योग्य पात्र हुनुहुन्छ ।युवालय हब समूहका जेनिश महर्जन, सुमीक्षा खड्का, पूजा पौडेल, अब्राहम पौडेल र केशव खड्काको परिश्रमकै कारण हाम्रो परियोजनाको लक्ष्य प्राप्त भएको छ ।

अन्त्यमा हाम्रो कार्यसमितिका सबै सदस्यहरु, जिल्ला संयोजक (फोकल पर्सन)हरु तथा सामुदायिक स्वयंसेवकहरुलाई पनि हामी हार्दिक धन्यवाद दिन चाहान्छौँ कि उहाँहरुबिना हामी यस परियोजना सञ्चालन गर्न असमर्थ हुन्थ्यौँ ।युवाहरु समाजका वास्तविक परिवर्तन वाहक हुन् भन्ने कुरालाई उहाँहरुले पुनः एक पटक प्रमाणित गर्नुभएको छ ।

सुवास न्यौपाने
अध्यक्ष
युवालय

# विषय सूची

सारांश

सङ्क्षिप्त शब्दावली


| | पेज नं. |
|---|---|
| १. परिचय | १ |
| १.१. पृष्ठभूमि | १ |
| १.२. परियोजनाको लक्ष्य | १ |
| १.३. विशिष्ट उद्देश्यहरू | १ |
| १.४. लक्षित जिल्लाहरू | १ |
| १.५. लक्षित समूह | २ |
| २. मुख्य क्रियाकलाप तथा उपलब्धि र परिणाम | २ |
| २.१. परिणाम (आउटकम) | २ |
| २.२. उपलब्धि (आउटपुट) | २ |
| २.३. मुख्य गतिविधिहरू | २ |
| ३. सफलताका कथा | ८ |
| ४. मुख्य सिकाइ | ९ |
| ५. चुनौती | १० |
| ६. सुझाव | १० |

# सारांश




वि.सं. २०७२ वैशाख १२ मा नेपालमा आएको भूकम्प तथा वैशाख २९ गतेको शक्तिशाली परकम्पपछि किशोरकिशोरी तथा युवाका लागि कार्यरत युवाहरुले नेतृत्व गरेको गैरनाफामुखी गैरसरकारी संस्था युवालयले युनिसेफको सहयोग तथा मासिक बाल पत्रिका चङ्गासँगको सहकार्यमा अति प्रभावित १२ जिल्लामा 'विकासका लागि मानवीय सहायता सञ्चार' परियोजना सञ्चालन गरेको थियो । यस परियोजनाले स्वास्थ्य, सरसफाइ, आहार तथा संरक्षणका मुख्य विषयमा चेतना जगाउने तथा शिक्षा दिने र भूकम्प प्रभावित जिल्लाबाट बालबालिका तथा किशोरकिशोरीका आवाज तथा कथाहरु सङ्कलन गर्ने उद्देश्य राखेको थियो ।

यस परियोजना मार्फत् युवालयले बालबालिका, किशोरकिशोरी, वयस्क, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका अन्य समूहहरुको प्रतिनिधित्व हुने गरी लक्षित जिल्लाका १२०भन्दा बढी गाविस तथा नगरपालिकाबाट जम्मा ५३ हजार ९ सय ६६ जना मानिसलाई समेटेको छ ।यस जनसङ्ख्यामध्ये ४६ प्रतिशत पुरुष र ५४ प्रतिशत महिला छन् ।कुल सहभागीका ५२ प्रतिशत बालबालिका छन् ।एक प्रतिशत गर्भवती महिला तथा करिब त्यति नै सङ्ख्यामा अपाङ्गता भएका व्यक्ति छन् ।



यस परियोजनामा युवालय र चङ्गाले ५००भन्दा बढी किशोरकिशोरी, बाल क्लबका पूर्व तथा वर्तमान सदस्य र स्थानीय युवाहरुलाई सामुदायिक स्वयंसेवकका रुपमा परिचालन गरे । उनीहरुलाई अन्तर्व्यक्ति सञ्चार सीपसँगै संरक्षण, स्वास्थ्य तथा सरसफाइ, महामारी नियन्त्रण लगायता मुख्य विषयमा तालिम प्रदान गरिएको थियो ।सामुदायिक स्वयंसेवकले आआफ्ना जिल्लामा घरदैलो कार्यक्रम, ट्याक्सी माइकिङ्, अभिमुखीकरण कार्यक्रम तथा सूचना शिक्षा र सञ्चार सामग्रीको वितरण लगायतका कार्य गरेका थिए । व्यक्तिगत आवास, विद्यालय, अस्थायी सिविर, अस्थायी सिकाइ केन्द्र र समुदायका अन्य स्थानमा पुगेर लक्षित समूहलाई सेवा प्रदान गरिएको थियो ।

यसका अतिरिक्त एक रचनात्मक विधिका रुपमा बाल क्लबका सदस्यहरुले बालबालिका र किशोरकिशोरीका आवाज तथा कथाहरु सङ्कलन गर्नका लागि स्मार्टफोनको प्रयोग गरे ।यसरी उनीहरुले भूकम्प प्रभावित जिल्लाबाट ६६६ अडियो, भिडियो तथा फोटो सङ्कलन गरे ।जम्मा २७ हजार ९ सय ५४ बालबालिका तथा किशोरकिशोरी यस परियोजना अन्तर्गतका अभिमुखीकरण सत्र, परामर्श छलफल, प्रतिवेदन सार्वजनिक कार्यक्रम तथा (स्मार्टफोन मार्फत्) विचार सङ्कलनका क्रियाकलापमा प्रत्यक्ष सहभागी भई लाभ प्राप्त गरे ।

# सङ्क्षिप्त शब्दावली

| | | | |
|---|---|---|---|
| C4D | Communication for Development | – | विकासका लागि सञ्चार |
| CBO | Community Based Organization | – | समुदायमा आधारित संस्था |
| CCWB | Central Child Welfare Board | केवाकस | केन्द्रीय बाल कल्याण समिति |
| CDO | Chief District Officer | प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| CFLG | Child Friendly Local Governance | – | बालमैत्री स्थानीय शासन |
| Changa | Changa Monthly Child Magazine | चङ्गा | चङ्गा मासिक बाल पत्रिका |
| CRO | Child Rights Officer | बाअअ | बाल अधिकार अधिकृत |
| DAO | District Administration Office | जिप्रका | जिल्ला प्रशासन कार्यालय |
| DCWB | District Child Welfare Board | जिवाकस | जिल्ला बाल कल्याण समिति |
| DDC | District Development Committee | जिविस | जिल्ला विकास समिति |
| DEO | District Education Officer | जिशिअ | जिल्ला शिक्षा अधिकारी |
| DFP | District Focal Person | – | जिल्ला संयोजक (फोकल पर्सन) |
| DWCO | District Women and Children Office | जिमबाका | जिल्ला महिला तथा बालबालिका कार्यालय |
| FCHV | Female Community Health Volunteer | मस्वास्वंसे | महिला स्वास्थ्य स्वयंसेविका |
| GBV | Gender Based Violence | – | लैङ्गिक हिंसा |
| IEC | Information, Education & Communication | – | सूचना, शिक्षा तथा सञ्चार |
| KMC | Kathmandu Metropolitan City | कामनपा | काठमाडौँ महानगरपालिका |
| LDO | Local Development Officer | – | स्थानीय विकास अधिकारी |
| MoFALD | Ministry of Federal Affairs and Local Development | – | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| MoWCSW | Ministry of Women, Children and Social Welfare | – | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| NGO | Non-government organization | गैसस | गैरसरकारी संस्था |
| ORS | Oral Rehydration Solution | – | जीवनजल |
| SRHR | Sexual and Reproductive Health & Rights | – | यौन तथा प्रजनन स्वास्थ्य अधिकार |
| SWC | Social Welfare Council | सकप | समाज कल्याण परिषद् |
| UNICEF | United Nations Children's Fund | युनिसेफ | संयुक्त राष्ट्रसङ्घीय बाल कोष |
| WASH | Water, Sanitation and Hygiene | – | खानेपानी, सरसफाइ तथा स्वास्थ्य |
| VDC | Village Development Committee | गाविस | गाउँ विकास समिति |
| WDO | Women Development Officer | मविअ | महिला विकास अधिकृत |

# परिचय

## १.१. पृष्ठभूमि

नेपालमा २०७२ साल वैशाख १२ गते ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्प गयो भने यसका परकम्पहरुमध्ये सबैभन्दा शक्तिशाली परकम्प वैशाख २९ गते ६.८ रेक्टर स्केलको गयो ।यसबीचमा कैयौँ साना ठुला परकम्पहरु आइरहे र तिनले सबैलाई त्रसित बनाइरहे ।कैयौँको जिउधन नष्ट भयो भने प्रभावित क्षेत्रका अन्यले धेरै समस्याहरुको सामना गर्नुपर्यो ।भूकम्पकै कारण ८,८९१ व्यक्तिले ज्यान गुमाए ।थुप्रै व्यक्तिहरु घाइते भए ।हजारौँ परिवार घरबार विहीन हुनुपऱ्यो ।धेरै सम्पत्ति, अझ सबभन्दा महत्वपूर्ण कुरा : आफ्नो परिवारका सदस्यहरु, गुमाउनुपऱ्यो ।

नेपाल सरकारले भूकम्पबाट प्रभावित २२ जिल्लामध्ये १४ जिल्लालाई अति प्रभावित जिल्ला घोषणा गऱ्यो ।भूकम्पका समयमा बालबालिका, किशोरकिशोरी, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र गर्भवती महिलाले धेरै समस्याहरु भोग्नुपऱ्यो ।सरकारी निकाय, विभिन्न देशहरु, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था, समुदाय र स्वयंसेवकहरु पीडितका लागि खाद्यान्न, खानेपानीजस्ता राहतका सामग्री सङ्कलन र वितरणमा लागिपरे ।कतिपयले अस्थायी बसोबासका स्थल बनाइदिएर सहयोग गरे ।तर बालबालिका, किशोरकिशोरी, वृद्धवृद्धा, अपाङ्ता भएका व्यक्ति र गर्भवती महिलाहरुका सबै आवश्यकताहरु पूरा हुन सकेनन् ।यी समूहहरु महामारी, कुपोषण, मनोसमाजिक समस्या, सरसफाइको कमी, लैङ्गिक हिंसा, यौन दुर्व्यवहार, बेचबिखन र बालविवाह लगायत समस्याका जोखिममा परे ।

यसै सन्दर्भलाई ध्यानमा राखेर भूकम्पपछि बढ्न सक्ने जोखिम, महामारीबाट कसरी बच्ने लगायत भूकम्पपछि ध्यान दिनुपर्ने कुराहरुका बारेमा स्थानीय स्तरमा जानकारी दिन र उनीहरुका आवाज र विचारहरु सङ्कलन गर्न 'विकासका लागि मानवीय सहायता सञ्चार' परियोजना परिकल्पना गरियो ।यस परियोजना कार्यान्वयनका प्रमुख साझेदार स्थानीय किशोरकिशोरीहरु, युवाहरु र बाल क्लबहरु रहे । भूकम्प लगत्तै यसबाट प्रभावित समुदायसँग पुग्न गाह्रो हुने समयमा स्थानीय किशोरकिशोरीहरु, युवाहरु र बाल क्लबहरु परिचालित वा सहभागी गराउँदा उद्देश्य प्राप्त गर्न सहज भयो ।

युवालयले युनिसेफ नेपालको सहयोग र चङ्गा मासिक पत्रिकाको सहयोगमा 'विकासका लागि मानवीय सहायता सञ्चार' परियोजना सन् २०१५ मेदेखि सेप्टेम्बरसम्म सञ्चालन गऱ्यो ।

## १.२. परियोजनाको लक्ष्य

परियोजना सञ्चालित जिल्लाका समुदायका वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र जोखिममा रहेका समूहलाई भूकम्पपछि बढ्न सक्ने जोखिम, महामारीबाट कसरी बच्ने लगायत विपद्का अवस्थामा ध्यान दिनुपर्ने कुराहरुका बारेमा जानकारी प्रदान गरी सचेत बनाउनु

## १.३. विशिष्ट उद्देश्यहरू

- भूकम्पले अति प्रभावित जिल्लाहरुमा भूकम्पपछि विशेष ध्यान पुऱ्याउनुपर्ने स्वास्थ्य, सरसफाइ, खानेपानी, शिक्षा र संरक्षणजस्ता विषयका बारेमा बुझ्ने सक्ने गरी जानकारी प्रवाह गर्नु
- भूकम्पले अति प्रभावित जिल्लाहरुका बालबालिका र किशोरकिशोरीहरुका कथा र आवाज सङ्कलन गर्नु

## १.४. लक्षित जिल्लाहरू

भुकम्पले अति प्रभावित जिल्लाहरुमा यो परियोजना सञ्चालित भएको थियो ।उक्त जिल्लाहरु निम्न अनुसार छन् :

- काठमाडौँ
- ललितपुर
- भक्तपुर
- धादिङ्
- रसुवा
- सिन्धुपाल्चोक
- काभ्रेपलाञ्चोक
- नुवाकोट
- सिन्धुली
- रामेछाप
- दोलखा र
- गोरखा



यो परियोजना सञ्चालनका लागि काठमाडौँ र भक्तपुर बाहेक बाँकी प्रत्येक जिल्लामा १०–१० वटा गाविस छनोट गरिएका थिए ।काठमाडौँ जिल्लामा १० वटा नगरपालिका र भक्तपुरमा स्थानीय निकायको पुनर्सरचना हुनु अगाडिकै विभाजनलाई आधार मानेर १० वटा गाविसहरुमा यो परियोजना सञ्चालित भएको थियो ।

### १.५. लक्षित समूहहरू

यो परियोजनाको पहिलो लक्षित समूहहरु भनेका भूकम्पले अति प्रभावित जिल्लाहरुका बालबालिका र किशोरकिशोरी थिए । दोस्रो लक्षित समूहमा महिला, वृद्धवृद्धा, अपाङ्गतामा रहेका व्यक्तिहरु, अभिभावक, युवा, शिक्षक शिक्षिका र समुदायका व्यक्तिहरु रहेका थिए ।

## मुख्य क्रियाकलाप तथा उपलब्धि र परिणाम

### २.१. परिणाम (आउटकम)

'विकासका लागि मानवीय सहायता सञ्चार' परियोजना अन्तर्गत बालबालिका, किशोरकिशोरी र वयस्क गरी कुल ५३ हजार ९ सय ६६ जना मानिसहरुले आफ्नो र आफ्नो परिवारको खानेपानी तथा सरसफाइ, स्वास्थ्य र सुरक्षाका बारे तथा विशेष गरी अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा र विविध जोखिममा रहेका अन्य व्यक्तिहरुलाई भूकम्पपछि कसरी स्वस्थ र सुरक्षित रहने भन्ने बारेमा जानकारी प्रदान गरियो ।

### २.२. उपलब्धि (आउटपुट)

- भूकम्पबाट अति प्रभावित १२ जिल्लाका २४ जिल्ला संयोजकहरुलाई भूकम्पपछि ध्यान दिनुपर्ने कुराहरु, नेतृत्व, सहजीकरण र स्वयंसेवक परिचालनमा तालिम प्रदान
- परियोजना सञ्चालन गर्ने भूकम्प प्रभावित १२ जिल्लाका १२० भन्दा बढी गाविस र नगरपालिका छनोट गरी स्थानीय सरोकारवालाहरुलाई परियोजनाका बारेमा जानकारी प्रदान
- खानेपानी, महिनावारी सरसफाइ, संरक्षण, तनाव व्यवस्थापनजस्ता भूकम्पपछि ध्यान दिनुपर्ने विभिन्न विषयमा १२ जिल्लामा ४५० स्वयंसेवकहरुलाई अभिमुखीकरण र घरदैलो जनचेतना कार्यक्रम सञ्चालन
- प्रत्येक जिल्लामा समुदायका स्वयंसेवकसँग २ वटा समीक्षा बैठक
- राष्ट्रिय स्तरमा १२ जिल्लाका २४ जिल्ला संयोजकहरुको २ वटा समीक्षा बैठक
- १ हजार ८ सय ३८ बालबालिका र किशोरकिशोरीहरुसँग खाद्यान्न र पोषण, घर र आश्रय, विद्यालय र शिक्षा, बाल संरक्षणजस्ता विषयहरुमा परामर्श
- समुदायमा 'भन्दै सुन्दै' रेडियो कार्यक्रमको प्रवर्द्धन
- स्मार्टफोनको प्रयोगबाट अडियो, भिडियो र फोटो गरी ६६६ बालबालिका तथा किशोरकिशोरीहरुका आवाज सङ्कलन
- सफलताको कथा लेखन विधिमा परियोजनामा कार्यरत समूहलाई १ दिने तालिम प्रदान
- काठमाडौँ महानगरपालिका वडा नं १२, १३, १४ मा हैजाबारे जनचेतना जगाउन १३६ जना स्वयंसेवक परिचालन
- हैजा विरूद्धको अभियानमा १३६ स्वयंसेवक मार्फत् १ हजार २ सय १९ व्यक्तिलाई सचेत गरिएको
- परियोजनाका सहयोगी र सरोकारवालाहरुको उपस्थितिमा परियोजनाको प्रतिवेदन सार्वजनिक

### २.३. मुख्य गतिविधिहरू

#### २.३.१. अन्तर्व्यक्ति सञ्चार सीप र स्वास्थ्य र स्वस्थ रहन ध्यान पुऱ्याउनुपर्ने कुराहरु सम्बन्धी दुई दिने प्रशिक्षक प्रशिक्षण तालिम

यो परियोजनाको सुरुवातमा प्रत्येक जिल्लाबाट १ जना पुरुष र १ जना महिला गरी १२ जिल्लामा २४ जना जिल्ला संयोजक छनोट गरियो ।उनीहरुका लागि र परियोजना अर्न्तगतका अन्य कर्मचारीका लागि पनि परियोजनाका बारेका जानकारी दिन र उनहिरुको सहजीकरण सीप र समूहमा काम गर्न सक्ने सीप बढाउन तथा स्मार्टफोन प्रयोग गरी बालबालिका र किशोरकिशोरीको विचार कसरी सङ्कलन गर्ने भनेर सिकाउन दुई दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरियो ।युनिसेफ नेपाल र युवालयका



सहजकर्ताहरुले यो प्रशिक्षणलाई सहजीकरण गर्नुभयो ।

तालिममा भूकम्पपछि बढ्न सक्ने जोखिम र महामारीबाट कसरी बच्ने र भूकम्पपछि अन्य केके कुरामा ध्यान दिने, यी विषयमा स्थानीय स्तरमा जानकारी कसरी जानकारी दिने र जानकारी दिंदा के–के कुरामा ध्यान पुर्‍याउने भनेर जानकारी र अभ्यास गराइयो ।यसले गर्दा जिल्ला संयोजकहलाई आफूले जिल्लामा तयार पार्ने स्वयंसेवकहरुलाई प्रदान गर्ने तालिमका विषयवस्तु बुझ्न सहज भयो ।

### २.३.२. सरोकारवालाहरूसँग बैठक

प्रत्येक जिल्लाका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने तथा परियोजनाले गरेका कार्यहरुका बारे अद्यावधिक जानकारी दिने उद्देश्यले सरोकारवालाहरुसँग नियमित बैठक गरियो ।यस्ता बैठकहरू प्रत्येक जिल्लामा २ पटक गरियो ।पहिलो बैठक जिल्ला संयोजक र परियोजनामा संलग्न व्यक्तिहरुको तालिमपछि भएको थियो ।उक्त बैठकबाट नै परियोजनाका बारेका सरोकारवालाहरुलाई जानकारी दिनुका साथै परियोजना सञ्चालन गर्न प्रत्येक जिल्लाका १० वटा गाविसहरु छनोट गरियो । उक्त बैठकमा सरकारी निकाय, युनिसेफ नेपाल र स्थानीय सङ्घ संस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो ।दोस्रो बैठक परियोजनाबाट भएका सिकाइ तथा उपलब्धिबारे जानकारी दिन र आगामी दिनमा सहकार्यलाई निरन्तरता दिने बाटो के हुन सक्छ भनी छलफल गर्न केन्द्रित थियो ।

**"हामी यो कार्यक्रमलाई परियोजना सकिए पनि निरन्तरता दिने प्रयास गर्नेछौं । हामीलाई कार्यक्रम सञ्चालन गर्न आधार र समूह चाहिएको थियो, जुन आजबाट हामीले पायौं । "**

**– गणेश लामा**
**बाल अधिकार अधिकृत, दोलखा**

**"सरकारले आफ्ना आगामी कार्यक्रमहरूका लागि यो सञ्जाललाई प्रयोग गर्न सक्छ । भूकम्पपछिको यो आपत्कालीन अवस्थामा स्वयंसेवकहरूले गरेको कार्य निक्कै प्रशंसनीय छ ।"**

**– अनिता अधिकारी**
**महिला विकास अधिकृत, काठमाडौं**

### २.३.३. स्वयंसेवकहरूका लागि एक दिने जिल्ला स्तरीय अभिमुखीकरण

प्रत्येक जिल्लामा २५ जना स्वयंसेवक छनोट गरी तिनलाई एक दिने अभिमुखीकरण प्रदान गरियो ।यस अभिमुखीकरणबाट ३०० जना स्वयंसेवकहरुले खानेपानी व्यवस्थापन, चर्पीको प्रयोग, सरसफाइ, सुरक्षा, तनाव व्यवस्थापन, समुदाय परिचालन, सहजीकरणजस्ता विषयमा जानकारी प्राप्त गरे ।त्यसपछि ती स्वयंसेवकहरुले स्थानीय स्तरमा घरदैलो कार्यक्रम तथा विद्यालय, अस्थायी सिविर, अस्थायी शिक्षण केन्द्र जस्ता ठाउँहरुमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरे । यसै गरी काठमाडौं उपत्यकामा १५० जना स्वयंसेवकलाई व्यक्तिगत स्वास्थ्य, सरसफाइ, सुरक्षा जस्ता विषयमा अभिमुखीकरण प्रदान गरियो ।यी स्वयंसेवकहरुले काठमाडौं उपत्यकाभित्र स्थानीय स्तरमा विभिन्न समूहमा घरदैलौ कार्यक्रम तथा विद्यालयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेका थिए ।



जिल्ला स्तरीय अभिमुखीकरण, रसुवा




जिल्ला स्तरीय अभिमुखीकरण, काठमाडौं

## २.३.४. जिल्ला स्तरीय मासिक समीक्षा बैठक

जिल्ला स्तरीय स्वयंसेवकहरुको अभिमुखीकरणपछि स्वयंसेवकहरुले आआफ्ना समुदायमा घरदैलो कार्यक्रम तथा विद्यालयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेका थिए ।प्रत्येक महिना गाविसहरुमा भएका कार्यहरु, भोगेका चुनौतीबारे छलफल गरी आगामी योजनाहरु निर्माण गर्न जिल्ला स्तरीय बैठक सञ्चालन गरिएको थियो ।प्रत्येक जिल्लामा २ वटा जिल्ला स्तरीय मासिक बैठकहरु सञ्चालन गरिएका थिए ।यस्ता बैठकले जिल्लामा सञ्चालन भएका कार्यहरुको प्रगति साथै अभिमुखीकरण लगायतका कार्यक्रमबाट समेटिएका व्यक्तिहरुको सङ्ख्या पहिचान गर्न  सजिलो भएको थियो ।





समीक्षा बैठक, रसुवा

समीक्षा बैठक, नुवाकोट

## २.३.५. जिल्ला समीक्षकहरूको समीक्षा बैठक

जिल्ला स्तरीय मासिक समीक्षा बैठकपछि काठमाडौंमा जिल्ला संयोजकहरुको  २ वटा मासिक समीक्षा बैठक सञ्चालन भएका थिए ।यी बैठकमा जिल्ला सम्पर्क व्यक्तिहरुले आआफ्ना जिल्लामा भएका कार्यहरु वा उपलब्धि, आएका चुनौती र आगामी योजनाहरु प्रस्तुत गरिएका थिए ।यसले गर्दा परियोजना सञ्चालन भएका क्षेत्रहरु, भएका कार्यहरु, प्रगति, कार्य गर्दा आएका चुनौतीहरु र अभिमुखीकरणले समेटेका जम्मा व्यक्तिहरुको सङ्ख्या पहिचान गर्न सजिलो भएको थियो ।मासिक बैठकमा जिल्लामा आएका समस्याहरुको समाधानका उपायहरुबारे पनि छलफल गरिएको थियो ।

### २.३.६. बालबालिकाहरूसँगको परामर्श र प्रतिवेदन सार्वजनिक

युवालयले चङ्गा मासिक पत्रिकासँग मिलेर भूकम्प प्रभावित १२ जिल्लाका बालबालिकासँग परामर्श गरेको थियो ।यस्तो परामर्श सञ्चालन गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिको स्वीकृतिमा युनिसेफ नेपाल, वर्ल्ड भिजन इन्टरनेसनल नेपाल, सेभ द चिल्ड्रेन इन्टरनेसनल र प्लान नेपालको सहयोग लिइएको थियो ।
परामर्श कार्यक्रममा भूकम्प प्रभावित जिल्लाका १ हजार ८ सय ३८ जना बालबालिका र किशोरकिशोरीहरु सहभागी थिए । परामर्शमा भूकम्पपछि बालबालिका र किशोरकिशोरीहरुले भोगेका अनुभव र उनीहरुका आवाजहरु सङ्कलन गरिएको थियो । परामर्शमा घर र आवास, विद्यालय र शिक्षा, खाना र पोषण, स्वास्थ्य सुविधा, समुदायका संरचना, बाल संरक्षण आदि विषयमा भएका राम्रा र नराम्रा पक्षहरुबारे छलफल गरिएको थियो ।
यस परामर्शपछि परामर्शको बालमैत्री प्रतिवेदन तयार गरी उक्त परामर्शमा सहभागी बालबालिका र किशोरकिशोरीहरुलाई वितरण गरिएको थियो ।उक्त प्रतिवेदन वितरण कार्यक्रम गाविस स्तरमा र जिल्ला स्तरमा गरिएको थियो ।कार्यक्रममा स्थानीय सरकारी निकाय, स्थानिय सङ्घ संस्था र परामर्शमा सहभागी बालबालिका र किशोरकिशोरीहरुको पनि सहभागिता रहको थियो ।

### २.३.७. परियोजना अन्तर्गत राष्ट्रिय र समुदाय स्तरमा भएका गतिविधिहरूको अनुगमन र प्रतिवेदन

कार्य स्थलबाट परियोजनाबारेका सूचना र प्रगति प्रतिवेदन सङ्कलन गर्नका लागि युवालयले एक सरल अनुगमन तथा प्रतिवेदन प्रणाली विकास गरेको थियो ।सामुदायिक स्वयंसेवकले आफ्ना जिल्ला संयोजकलाई सूचनाहरु पठाएपछि संयोजकहरुले सबै क्रियाकलापबारे सूचना सङ्कलन गरी, पूर्ण बनाई राष्ट्रिय समीक्षा बैठकका बेला युवालयलाई उपलब्ध गराउँथे । यसका अतिरिक्त युवालय र चङ्गाका सदस्यहरुले जिल्लाका स्थानीय सरोकारवालाहरुसँग मिलेर थप अनुगमन गरी त्यसको




प्रतिवेदन तयार गरेका थिए ।यस्तो अनुगमनका क्रममा परियोजनाले समेटेका समुदायमा गई अभिमुखीकरण तथा अन्य क्रियाकलापमा समेटिएका विषयवस्तु, तिनको महत्व, प्रभावकारिता, व्यवहारिक जीवनमा प्रयोग लगायतका विषयमा छलफल गरिएको थियो ।अभिमुखीकरणका सहभागीहरुबाट अभिमुखीकरणबारे उनीहरुको प्रतिक्रिया पनि मागिएको थियो ।

### २.३.८. 'भन्दै सुन्दै' कार्यक्रमका लागि समन्वय र सहयोग

रेडियो नेपालबाट प्रसारित कार्यक्रम 'भन्दै सुन्दै'को प्रचारप्रसार गर्ने कार्यमा जिल्ला संयोजक र स्थानीय स्वयंसेवकहरु सहभागी भएका थिए ।'भन्दै सुन्दै' कार्यक्रमका बारेमा विभिन्न सूचनामूलक सामग्रीहरु पनि वितरण गरिएका थिए ।यसै गरी युवालयले 'भन्दै सुन्दै' कार्यक्रममा प्रसारण भएका विषय र छलफल भएका समस्याबारे केही विश्लेषण पनि गरेको थियो ।यसका साथसाथै युवालयले 'भन्दै सुन्दै गाउँगाउँमा' कार्यक्रम आयोजनाका लागि जिल्लाजिल्लामा सहकार्य गर्ने कार्य गरेको थियो ।

### २.३.९. स्मार्टफोनको प्रयोग गरी बालबालिका र किशोरकिशोरीहरूका कथा र अनुभव सङ्कलन

जिल्ला संयोजकहरुका लागि सञ्चालित २ दिने तालिममा स्मार्टफोनको प्रयोग गरी 'आवाज' एप् प्रयोग गरी किशोरकिशोरीहरुका कथा र अनुभव सङ्कलन गर्ने तरिका सिकाइएको थियो ।सोही अनुसार २४ जना जिल्ला संयोजकहरुलाई एक एक वटा स्मार्टफोन दिइएको थियो ।सोही फोन कसरी प्रयोग गर्ने भनेर उनीहरुले आआफ्ना जिल्लामा समुदायका स्वयंसेवक र बाल क्लबका बालबालिकाहरुलाई सिकाएका थिए ।स्मार्टफोन मार्फत् 'आवाज' एप् प्रयोग गरी किशोरकिशोरीहरुका कथा र अनुभव सङ्कलन गर्न ५६ जना बाल क्लबका सदस्यहरु सहभागी थिए ।परियोजनाको अन्त्यमा अडियो, भिडियो र तस्बिर गरी ६६६ सामग्री सङ्कलन गरिएको थियो ।यस समयमा भूकम्पपछि बाल क्लब र बाल क्लबका सदस्यले गरेका कार्यहरु, बालबालिकाले भोगेका समस्याहरु, त्यसको सामनामा भएका प्रयासहरु र उनीहरुले ल्याएका परिवर्तनहरुसँग सम्बन्धी अडियो, भिडियो र तस्बिर सङ्कलन गरिएको थियो ।




| जम्मा | ४९ अडियो | ४२२ फोटो | १९५ भिडियो |
|---|---|---|---|

**" भूकम्प र परकम्पको समयमा हाम्रो जमिन थर्किरह्यो, तर हामीभित्रको साहस र मानवतालाई केहीले पनि थर्काउन सकेन । हामीले विभिन्न संस्थाहरूसँग मिलेर राहत सामाग्री सङ्कलन गरी भूकम्पका पीडितहरूलाई वितरण गर्‍यौं । "**

**–शान्ति पाखिन**

**अध्यक्ष, बाल एकता बाल क्लब, धादिङ्**

### २.३.१०. सफलताका कथा लेखन कार्यशाला र रणनीतिक योजना निर्माण बैठक

परियोजना सम्बद्ध युवालय र चङ्गाका कर्मचारी, काठमाडौँ, ललितपुर र भक्तपुरका जिल्ला सम्पर्क व्यक्तिहरु र स्वयंसेवक गरी २० जनाको सहभागितामा सफलताको कथा लेखन कार्यशाला गरियो ।उक्त कार्यशालामा सफलताको कथा लेख्न विषयवस्तु कसरी छान्ने, त्यसलाई कसरी लेखनमा उतार्ने आदि विषयमा छलफल र लेखन अभ्यास गरियो ।यो कार्यशालाको प्रमुख उद्देश्य सहभागीहरुको सफलताको कथा लेख्ने सीप तिखारी परियोजनाबाट भएका सिकाइ र राम्रा अभ्यासहरुलाई अभिलेखीकरण

गर्नु थियो ।यसका साथसाथै रणनीतिक योजना निर्माण बैठक पनि गरिएको थियो ।यस अन्तर्गत अहिलेसम्म भएका कामहरुको पुनरवलोकन र आगामी दिनमा गर्नुपर्ने कार्यहरुबारे योजना तर्जुमा भएको थियो ।

### २.३.११. हैजा विरूद्ध जनचेतना जगाउन स्वयंसेवक परिचालन

भूकम्पपछि काठमाडौँ महानगरपालिकाका १२, १३ र १४ वडामा हैजाको जोखिम बढेको थियो ।यसैले युवालयले स्वयंसेवकहरुलाई अभिमुखीकरण दिई हैजा विरूद्ध जनचेतना जगाउन परिचालन गरेको थियो ।उक्त कार्यक्रममा १३६ जना स्वयंसेवकहरु सहभागी थिए ।स्वयंसेवकहरुमा महिला स्वास्थ्य स्वयंसेविकाहरु र स्थानीय युवाहरु थिए, जसले घरदैलो कार्यक्रम गरी पानीको गुणस्तर जाँच्ने र हैजाबाट बच्ने उपायहरुबारे जनचेतना जगाउने कार्य गरेका थिए ।यसको साथै विभिन्न विद्यालयमा जनचेतनामूलक कार्यक्रम र ट्याक्सीबाट माइकिङ् गरी समुदायमा चेतना जगाउने काम पनि गरिएको थियो । उक्त कार्यक्रम काठमाडौँको जिल्ला जनस्वास्थ्य कार्यालय र काठमाडौँ महानगरपालिकासँगको सहकार्यमा गरेको थियो ।



कामनपा वडा नं १३



कामनपा वडा नं १४

### २.३.१२. प्रतिवेदन सार्वजनिक कार्यक्रम

परियोजनाको अन्त्यमा काठमाडौँमा सरोकारवालाहरुसँग परियोजना अर्न्तगत गरिएका कार्यक्रम, कार्यक्रम हुँदा आएका समस्याहरु, कार्यक्रमका उपलब्धिहरु, कार्यक्रम सञ्चालन गर्दा भएका सिकाइहरु सार्वजनिक गर्न प्रतिवेदन सार्वजनिक कार्यक्रम आयोजना गरिएको थियो ।उक्त कार्यक्रममा सरकारी निकाय, विपद् जोखिम न्यूनीकरणमा कार्य गर्ने अन्तर्राष्ट्रिय र राष्ट्रिय गैसस, बालबालिका र युवाको क्षेत्रका प्रतिनिधिहरुको सहभागिता थियो ।



# सफलताका कथा

## अभिमुखीकरणबाट मातृ शिशु स्वास्थ्यमा सुधार

ललितपुरकी ३४ वर्षीया विमला स्याङ्तान ६ महिने गर्भवती हुन् ।मनिखेल वडा नम्बर ८ लाक्ब्यामा बसोबास गर्ने स्याङ्तानलाई गर्भवती हुँदा नियमित स्वास्थ्य जाँच गर्नुपर्छ भन्ने थाहा भएन ।त्यसैले उनी आजसम्म जँचाउन गएकी थिइनन् ।

तर उनी एउटा सामुदायिक अभिमुखीकरण कार्यक्रममा सहभागी भइन् । त्यहाँ उनले मातृ तथा शिशु स्वास्थ्य स्याहारका बारे थाहा पाइन् र तत्काल आनन्दवन अस्पताल गइन् ।उनलाई फोलिक एसिड ट्याब्लेट लगायत विभिन्न औषधी दिइयो । अभिमुखीकरण सत्रमा गर्भावस्था तथा स्वास्थ्य स्याहारबारे धेरै कुरा सिकेको उनी बताउँछिन् ।

## अस्थायी शौचालय निर्माणको लहर

यस परियोजनाका सामुदायिक स्वयंसेवक सञ्जित लामाले रसुवाको यार्सा ८मा स्वास्थ्य, सफाइ तथा फोहोरमैलाले स्वास्थ्यमा पार्ने प्रभावबारे अभिमुखीकरण गर्ने क्रममा कर्मबहादुर लामालाई भेटे ।पहिलो भेटघाट खासै सम्झन लायक होइन ।बरू दोस्रो चाँहि महत्वपूर्ण रह्यो ।अभिमुखीकरणको १० दिनपछि सञ्जित कर्मको घरतिरबाट जाँदै थिए ।त्यही बेला कर्मले अभिमुखीकरणबाट फर्किएपछि आफूले अस्थायी शौचालय बनाएको कुरा सञ्जितलाई बताए ।अब त आफूलाई धेरै सजिलो भएको तथा अब धेरै टाढा जानुनपर्ने पनि उनले बताए ।कर्मले जमिनमा एउटा खाडल खनी वरिपरि त्रिपालले बेरेर शौचालय बनाएका थिए ।कर्मका छिमेकीले पनि उनको सिको गर्दै अस्थायी शौचालय बनाउन थालेको सञ्जितले थाहा पाए ।



**गाउँ–गाउँमा चेतनामूलक सन्देश बाँड्दै किशोरकिशोरी**

धैबुङ (रसुवा), साउन १३ (नागरिक)- भूकम्पपछि धेरैले जिल्लामा राहतको नाममा खाद्यान्न, लत्ताकपडा, टेन्ट, जस्ता आदि बाँडिए। यतिबेला भने स्वास्थ्य तथा सरसफाईको जानकारी दिन रसुवामा गाउँका किशोर-किशोरीहरूले स्वास्थ्य तथा सरसफाईको विषयमा सन्देश बाँड्न थालेका छन्।

'विपदको घडीमा रेडियोबाट सूचना प्रवाह त भएकै थियो तर गाउँमा स्वास्थ्य समस्याबारे कसैले पनि जानकारी गराएका थिएनन्', गोल्जुङकी लाक्पा फ्याल्बो तामाङले भनिन्, 'गाउँमा स्वास्थ्य सन्देश लिएर जाने कोही पनि भएनन् अनि आफैं कस्सिएर स्वास्थ्य सन्देश बाँड्न लागिपरें।' जिल्लाबाट धर्मका नाममा र पढाउने बहानामा बालबच्चा हराउने क्रम सुरु भएकाले विपतमा बालबालिका पढाउने नाममा बेचिनबाट जोगिऊन् भन्ने उद्देश्य पनि लिएर आफूले गाउँमा सूचनाहरू बाँड्न हिँडेको उनले बताइन्। सन्देश बाँडेबापत कुनै पारिश्रमिक कतैबाट लिएकी छैनन्। स्वःस्फूर्त रूपमा गाउँमा पुगेर स्वास्थ्य, सरसफाई, बालबालिकामाथि हुन सक्ने शोषण र हराउने क्रम रोकियोस् भनी गाउँगाउँ पुगेर सन्देश बाँडिरहेको जनाइन्।

'विकट गाउँमा कुनै संघसंस्था गए सानो कार्यक्रम गरेर फर्कन्थे स्वास्थ्यका कार्यक्रम गरे पनि मान्छे बोलाएर आधा घण्टामा सक्थे। गाउँमा सरसफाई तथा स्वास्थ्यको सूचना त्यति प्रवाह हुन्नथियो। संघसंस्था गाउँ पुग्थे आफूलाई चाहिने डाटा लिन्थे र फर्कन्थे तर अहिले अवस्था केही फेरिएको छ गाउँमा केही परिवर्तन गराएको छु,' यार्सा १ का २० वर्षीय किशोर संजित लामाले भने, 'घरघरै पुगेर सरसफाईको सन्देश फैलाएको छु, स्वस्थ रहन हातधुने तरिका र सरसफाई गर्ने तरिका सिकाएको छु।' पहिला खेतमा काम छ यस्तो सन्देश सुन्ने फुर्सद छैन भन्नेहरू अहिले सरसफाई रहने तरिका कसरी हो भनेर सोध्न आउन थालेको उनले बताए।

जिल्ला बाल कल्याणको समन्वयमा उनीजस्तै २० भन्दा बढी किशोरकिशोरीलाई गाउँमा स्वयंसेवकको रूपमा परिचालन गरिएको हो। जिल्लाभर स्वयंसेवकको रूपमा परिचालन गरिएका किशोरकिशोरीले महिनौं लगाएर बस्तिबस्ति पुगेर चेतनामूलक सन्देश बाँडे बापत ५ हजार रूपयाँ खाजा खर्चको व्यवस्था गरिएको छ। स्वयंसेवकको कामको समीक्षा गर्दा सन्देशले ल्याएको परिवर्तनबाट आफूहरू सन्तुष्ट भएको पौडेलले बताइन्।

रसुवाको खबर नागरिक दैनिकमा, ३० जुलाई २०१५



**भूकम्पको भय हटाउने अभियानमा पीडित बालबालिका**

सिन्धुलीको खबर कारोबार दैनिकमा, ३० जुलाई २०१५

# मुख्य सिकाइ

क. परियोजनाको कार्यान्वयन क्षेत्रकै जिल्लाका किशोरकिशोरी तथा युवाको परिचालन प्रभावकारी तथा उपयुक्त सिद्ध भयो ।किशोरकिशोरी तथा युवाहरु आफ्ना गाउँठाउँ तथा भाषाबारे जानकार थिए ।अतः उनीहरु जीवनका लागि अत्यावश्यक सन्देशहरु सहित सम्बन्धित जिल्लाका सबभन्दा टाढा र दुर्गमका बस्तीसम्म पुग्न सक्षम भए ।

ख. परियोजना सञ्चालन भएका हरेक जिल्लामा युवालयले स्थानीय सरकारी निकाय; बाल अधिकार अधिकृत र महिला विकास अधिकृत लगायतका सरकारी अधिकारीहरु; जिविस, जिवाकस, सकप, युनिसेफ लगायत संस्थाका प्रतिनिधिहरु; जिल्ला संयोजकहरु; सञ्चार माध्यम; सामुदायिक संस्थाहरु; एवं बाल तथा युवा क्लबहरुसँग सफलतापूर्वक समन्वय तथा सहकार्य गरेको छ ।यस्तो समन्वय र सहकार्यले गर्दा परियोजनालाई निर्बाध सञ्चालन गर्न सहयोग पुग्नाका साथै स्थानीयवासीबाट आवश्यक सहयोग पनि प्राप्त भयो ।स्थानीयवासीले क्रियाकलापका लागि गाविसको छनोटदेखि स्थलगत समस्या समाधानमा जिल्ला संयोजकलाई सहयोग गरे ।अतः स्थानीय सरोकारवालाको संलग्नता स्थानीय स्तरमा परियोजना सञ्चालन गर्नका लागि अत्यन्त महत्वपूर्ण तथा प्रभावकारी हुने सिकाइ भयो ।

ग. सरोकारवालाहरुसँगको बैठकका लागि बजेट व्यवस्था नभए पनि युवालयले हरेक जिल्लामा दुई वटा यस्ता बैठक आयोजना गऱ्यो ।यस्तो बैठक समग्र परियोजनाका लागि महत्वपूर्ण सावित भयो ।यस्ता बैठकमा स्थानीय सरोकारवालाले क्रियाकलापका लागि गाविस छनोट गर्न सहयोग गरे र परियोजनालाई निर्बाध अगाडि बढाउन सहयोग पुग्ने गरी जिल्ला संयोजकलाई सल्लाह, सुझाव तथा मार्गदर्शन प्रदान गरे ।परियोजनाको अन्त्यतिर यस्तै छलफलले नै स्थानीय सरोकारवालालाई अन्य परियोजनाका लागि पनि सामुदायिक स्वयंसेवक परिचालन गर्ने सम्बन्धमा छलफल गर्न मञ्च प्रदान गऱ्यो ।

घ. स्थानीय स्तरमा काम गर्दा प्रजिअ, नेपाल प्रहरी र गाविसका कर्मचारी लगायतका महत्वपूर्ण अधिकारीहरुलाई औपचारिक रुपमा सूचित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ ।उनीहरुलाई सूचित नगरी तथा स्वीकृति नलिई कार्यक्रम गर्नु कठिन हुन जान्छ ।कतिपय अवस्थामा सम्बन्धित निकायले कार्यक्रम रोकिदिन सक्छन् ।

ङ. मासिक बैठकहरुले परियोजना सञ्चालनको अवस्थालाई अभिलेखीकृत गर्न, उपलब्धि र चुनौतीबारे छलफल गर्न तथा आएका समस्याको सामूहिक समाधान गर्न सहयोग गरे ।यी बैठकमा सामुदायिक स्वयंसेवक र जिल्ला संयोजकहरुले उठाएका समस्या, प्रश्न तथा चासोमा छलफल भई कुनै पनि समस्या समाधान गरिन्थे ता कि परियोजनाको समग्र उद्देश्य प्राप्तितर्फ सम्पूर्ण समूहको ध्यान केन्द्रित होस् ।

च. भूकम्पले उनीहरुका जीवनमा पारेका असरबारे बालबालिका तथा किशोरकिशोरीका आवाज सङ्कलन गर्नका लागि स्मार्टफोनको प्रयोग एक रचनात्मक विधि थियो ।आफ्नै गाउँठाउँमै रही आफ्नै आवाजमा आफ्ना अनुभव, समस्या तथा कथाव्यथा बताउन बालबालिका तथा किशोरकिशोरी सक्षम भए ।

छ. युवालयले काठमाडौँका केही स्वयंसेवकलाई पनि अन्य जिल्लामा परिचालन गरेको थियो र उनीहरुबाट राम्रो प्रतिक्रिया प्राप्त भयो ।उनीहरुले धेरै चुनौती भोगे पनि समस्या समाधान गर्न सिकेको र ग्रामीण क्षेत्रको वास्तविक अवस्था बुझ्न पाएको बताए ।यसर्थ यो परियोजना स्वयंसेवा प्रवर्द्धनको एक राम्रो उदाहरण बन्यो ।यसले सहरी युवा र किशोरकिशोरीलाई ग्रामीण क्षेत्रमा गई स्थानीय समुदायलाई सहयोग गर्ने मौका प्रदान गऱ्यो ।

# चुनौती

क. योजना अनुसार क्रियाकलाप तथा अनुगमन भ्रमण गर्न वर्षा तथा पहिरोले बाधा पुऱ्याए । हुन त वर्षा र पहिरोले स्थानीयका गतिविधि र यातायात सेवामा पनि अवरोध पुऱ्याएका थिए । कृषिको मौसम भएकाले पनि मानिसहरुलाई घरमा भेट्न कठिन भयो ।

ख. परियोजना अवधिमै स्वयंसेवकहरुको परीक्षा परेकाले उनीहरुलाई नियमित रुपमा आफ्ना क्रियाकलापहरु सञ्चालन गर्न र मासिक बैठकमा सहभागी हुन चुनौती उत्पन्न भयो । बैठकमा उनीहरु अनुपस्थित हुँदा समेटिएको जनसङ्ख्या र प्रगतिबारे अद्यावधिक हुन कठिन भयो ।

ग. परियोजना सञ्चालन हुँदै जाँदा क्रियाकलापहरु पनि थपिदै गए । त्यसपछि परियोजना व्यवस्थापन समूहले पूर्वनिर्धारित तथा थपिएका क्रियाकलापहरु एकै पटक सञ्चालन गर्नुपर्ने भएकाले दबाब महसुस भयो । यसले गर्दा परियोजना व्यवस्थापन समूहले जिल्ला संयोजक र सामुदायिक स्वयंसेवकहरुलाई नयाँ क्रियाकलापबारे समयमै सूचना दिनुपर्ने कार्य पनि प्रभावित भयो ।

घ. जिल्ला संयोजकहरुले स्मार्टफोनबाट अडियो, भिडियो र फोटो सङ्कलन गरी 'आवाज' एप्मा अपलोड गर्नुपर्थ्यो । मोबाइल तथा इन्टरनेट सञ्जाल (नेटवर्क)को कमजोर क्षमता तथा कतिपय स्थानमा इन्टरनेटको अनुपलब्धताका कारण अपलोड गर्ने काम समयमै हुन सकेन । स्मार्टफोन तथा एप्लाई सञ्चालन गर्ने उनीहरुको सीमित ज्ञानले पनि यस प्रक्रियामा अवरोध पुऱ्यायो । यसको समाधानमा परियोजना व्यवस्थापन समूहले फोनबाट कम्प्युटरमा सूचनाहरु सार्दा विशिष्टीकृत जनसाङ्ख्यिक सूचना, समय, स्थानबारेका जानकारी उपलब्ध भएनन् ।

ङ. बालबालिका तथा किशोरकिशोरीका आवाज सङ्कलन गर्नका लागि दिइएका कतिपय स्मार्टफोन र क्यामेरा धेरै जिल्ला संयोजकहरुले पूर्ववत् अवस्थामा फिर्ता गर्न सकेनन् । कतिपयले चार्जर लगायतका उपकरण हराए भने कतिपयले सिङ्गै फोन र क्यामेरा नै । फिर्ता गरिएका केही उपकरणमा क्षति पुगेका थिए । कतिपय जिल्ला संयोजक र स्वयंसेवहरुले आफूले पुऱ्याएको क्षति ब्यहोर्ने इच्छा देखाए पनि मेमोरी कार्ड लगायतका उपकरणहरु महँगा थिए । अतः परियोजना व्यवस्थापन समूहले जिल्ला संयोजक र स्वयंसेवहरुलाई क्षतिपूर्ति तिराउने वा जरिवाना लिने सम्बन्धमा उपयुक्त विकल्प दिन सकेन ।

# सुझाव

क. प्रशिक्षण, अभिमुखीकरण तथा कार्यशालाहरुमा थोरै तथा सीमित समयमा धेरै विषयवस्तु समावेश भए । आफ्ना समुदायमा प्रशिक्षण, अभिमुखीकरण तथा कार्यशालाहरु प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि जिल्ला संयोजक तथा सामुदायिक स्वयंसेवकहरुलाई अझ लामो प्रशिक्षण उपलब्ध गराइनुपर्छ ।

ख. विशेषतः सामुदायिक स्वयंसेवकले स्मार्टफोन तथा क्यामरा चलाउने क्रममा नचाहँदा नचाहँदै पनि मेमोरी कार्ड फर्म्याट हुने; फोटो, भिडियो तथा अडियो हट्ने लगायतका समस्या भोग्नुपऱ्यो । 'आवाज' एप्को प्रयोगका सन्दर्भमामा पनि उनीहरुमा धेरै द्विविधा रह्यो । अतः स्मार्टफोन तथा एप्को प्रयोग गर्नुपर्ने स्वयंसेवकहरुका लागि गहन प्राविधिक तथा प्रयोगात्मक प्रशिक्षण आवश्यक पर्दछ ।

ग. परियोजना व्यवस्थापन समूहले स्मार्टफोन, क्यामेरा तथा यससँग सम्बन्धित उपकरणहरु जिल्ला संयोजकबाट समयमै तथा सही अवस्थामा सङ्कलन गर्न सकेन । अतः परियोजना व्यवस्थापन समूह तथा युनिसेफ नेपालले यस्ता सामग्री हस्तान्तरण गर्नुअगाडि नै आफ्ना साधन हराउन सक्ने तथा क्षति हुन सक्ने सम्भावनालाई सामना गर्न एउटा छुट्टै निर्देशिका बनाउनु आवश्यक छ । यसले प्रयोगकर्तालाई ती साधनका सम्बन्धमा जिम्मेवार रहन तथा होसियारी पूर्वक प्रयोग गर्न सचेत बनाउँछ ।

घ. सीमित समयमा धेरै विषयवस्तु समेट्नुपर्ने हुनाले सामुदायिक अभिमुखीकरण कार्यक्रमहरु लामा सैद्धान्तिक सत्रमा परिणत भएका थिए । यस्ता कार्यक्रममा हात कसरी धुने भन्ने उदाहरण तथा खानेपानी शुद्धीकरणजस्ता प्रयोगात्मक क्रियाकलापहरु पनि समावेश हुनुपर्छ ।

# परियोजना सञ्चालन भएका नगरपालिका र गाविसको सूची

## १. काठमाडौं

| | |
|---|---|
| कागेश्वरी मनहरा | ३,१३ |
| गोकर्णेश्वर | १, १३, १४, १५ |
| बुढानीलकण्ठ | ३,४,५,६ |
| कीर्तिपुर | १९ |
| तारकेश्वर | १ |
| शङ्करापुर | ६,७,८ |
| चन्द्रागिरी | ९,१० |
| नागार्जुन | ८,९,१०,१६ |
| टोखा | ७,१४,१५ |
| चुच्चेपाटी | |

## ३. ललितपुर

| | |
|---|---|
| साँखु | १,२,३,५,६,७ |
| कालेश्वर | १,२,३,४,५,६,७,८,९ |
| ठुलादुर्लुङ् | ४,६ |
| मनिखेल | १,२,४,८,९ |
| माल्टा | ६,७,८,९ |
| गोटीखेल | २,३,५,६,७ |
| आस्राङ् | ६,८ |
| भट्टेडाँडा | २,५,६,७,९ |
| चन्दनपुर | १,४,६,७ |
| खोकना | ८ |
| हरिसिद्धी | १,२,५,६,७,८,९ |
| गिम्दी | १,३,७ |
| प्युटार | २,३,६,८,९ |

## ५. भक्तपुर

| | |
|---|---|
| भक्तपुर | ४ |
| नगरकोट | ११,१२,१३ |
| नंखेल | ११ |
| मध्यपुर ठिमी | १,२,३,४,५,६,७,८,९,१०,११,१२,१४ |
| सिरूटार | ७,८,९ |
| चाँगु | १,४,६,९ |
| छालिङ् | १,२,३,४,५,८ |
| गुण्डु | १२,१५ |
| अनन्तलिङ्गेश्वर | १,६,७,८,१३,१५ |
| सूर्यविनायक | ४,५,७,११ |
| मञ्जुश्री | १,२,३,४ |

## ७. धादिङ्

| | |
|---|---|
| नीलकण्ठ | १,२,३,५,६,८,९,१२ |
| भुमेस्थान | ३,६,७,८ |
| कलेरी | ३,३,४,६,७ |

## २. काभ्रेपलाञ्चोक

| | |
|---|---|
| कुशादेवी | १,२,३,४,५,६,७,८,९ |
| देवीटार | १, ३,६,७,८,९ |
| न्याले | १,२,३ |
| धुलिखेल | १,२,३,४,६,७,८,९,११ |
| रविओपी | १,२,३,४ |
| गैराबिसौना | ४,५,६ |
| देउपुर | ६,९ |
| पाँचखाल | २,३,४,५ |
| कुशाखेबी | १,२,३,५,९ |
| काभ्रे | १,२,५,६,७ |
| नासिका | २,४,७ |
| बनेपा | ५ |
| ज्याम्दी | १,३,४ |
| बतासे | १,२,३,४ |

## ४. नुवाकोट

| | |
|---|---|
| कुमारी | ६ |
| गेर्खु | १,२,३,५,७,८ |
| लेखु | ४,५,६,७,८,९ |
| थानसिङ् | १,२,३,४,७,१० |
| विदुर | १,२,५,६,९ |
| धानसिङ् | २,६,९ |
| लाचाङ् | २,३,४,५,८,९ |
| सुनधारादेवी | ३,७,९ |
| शिखरबेसी | १,२,३,४,५,६,७,९ |
| चरघारे | १,२,६,७ |
| भाल्से | २,३,४,५,६,७,८ |
| खड्का भञ्ज्याङ् | १,२,३,६,७ |

## ६. सिन्धुली

| | |
|---|---|
| कमलामाई | १,२,६,७,१०,११ |
| हरिहरपुरगढी | ३,७,८,९,१,२,५,४ |
| बस्तीपुर | ९,७,८,४,१,२,५,३ |
| मजुहुवा | १,२,३,९,८,५,४ |
| नेत्रकाली | १,२,४,९,६,८ |
| भुवनेश्वरी | ४,५,७,९ |
| पुरानो झागाँजोली | २,८,१,७,९,३ |
| कफिकोट | ३,४,५,६,७,८ |
| पकुसेश्वर दुम्जा | ७,८,५,६,४,९,१,२ |
| सोल्पाथाना | १,२,४,५,८,९ |
| मुदौली | १,२,३,४,१०,६,७, |
| सुनाम पोखरी | ३,९,८,७,६,१,२,४,५ |

| | |
|---|---|
| बैरेनी | २,३,४,५,६,७,९ |
| लापा | २ |
| झार्लाङ् | १,२,३,४,६,७,९ |
| अर्वास | ९ |
| खाल्टे | १, २,४ ३,७ |
| सुनौलो बजार | ७ |
| गजुरी | १,४ |
| सालाङ् | ७,८,९ |
| सुनकोसी | १२ |
| परेवाटार | ९ |
| मुरलीभञ्ज्याङ् | ७ |
| पीडा | १,२,३,४,५,६,७,८,९ |
| कुमपुर | ५,६,७ |

| ८. रामेछाप | |
|---|---|
| पुलासी | १,२,३,४,६,८ |
| मन्थली | २,१,१४,५,३,६ |
| गेलु | १,२,३,४,५ |
| गोढेगाउँ | ७,३,९,५,८ |
| चनँखु | ६,७,८,५,३,९,२,१,४ |
| डढुवा | ६,७,८,९ |
| हिमगंगा | २,६,४,३,९ |
| पुरानागाउँ | ९,८,७,५,३,६ |
| रामपुर | ४,५,८ |
| साँघुटार | ३,४,५,६,८,५ |
| देउराली | ४,५,१,२,९,६,७,८,६ |
| भटौली | ९,१३ |
| भलुजोर | २ |

| ९. रसुवा | |
|---|---|
| डाँडागाउँ | १,२,३,५,४ |
| हाकु | ९,५ |
| भोर्ले | १,२,४ |
| राम्चे | १,५,९,७,८ |
| धैबुङ् | २,६,४,७,३,५ |
| ठुलागाउँ | ७,६,२,४,५,१,३ |
| लहरेपौवा | ९,३,५ |
| सरमथली | ३,८,१,७,६,४,५,२,९ |
| चिलिमे | २,३,१,७ |
| यार्सा | ६,८,१ |
| गोल्जुङ् | ६,३,४ |

| १०. दोलखा | |
|---|---|
| सुनाखानी | ९,३,४,२,८,१,६,७,५ |
| बेछा | ६,५,९,८ |
| जिरी | ६,७ |
| मगापौवा | ७,६,९,८,३,१ |
| सुन्दरवती | ३ |
| नाम्डु | ४ |
| लादोक | ५,९,४,२,७,८ |
| भिमेश्वर | १,१०,१२ |
| लकुरीडाँडा | ९ |
| काब्रे | ७ |

| ११. सिन्धुपाल्चोक | |
|---|---|
| सुनाखानी | १,२,३,३,५,६,७,८,९ |
| चैतारा | १,४,७,६ |
| राम्चे | १,८,३,५,४,९,६,२,७ |
| भीमटार | ९,१ |
| कियुल | १,३,५ |
| कदमबास | ९,४,६,७,८,३,२ |
| पिपलडाँडा | २,१ |
| अत्तरपुर | १,७,९,४ |
| इर्खु | १,३,९,४,८,७,२ |
| मेलम्ची | १०,११,७,६ |
| फटकसिला | ११ |
| सिम्पल काभ्रे | ७ |
| थुमपाखर | १,७ |
| पेटुकु | ४,३ |
| भोटेनाम्लाङ् | ५,२,३ |
| माहाँकाल | ९,७,१,२,५,३ |

| १२. गोरखा | |
|---|---|
| बखराङ् | ५,६,१,२,८,४,३ |
| घुल्मीचोक | ९,४,६,८ |
| गोरखा | १,२,३,४,९,८,६,१४ |
| मकैसिङ् | १,४,७,८,५,३,९,६ |
| श्रीनाथकोट | २,३,५,८,७,६ |
| ता कु माझाबोट | ९,३,५,२,४,७,८ |
| देउराली | ४,५ |
| ग्यालचोक | ५,८,६,१ |
| जौबारी | १,४,६,५,८,९ |
| तालिङचोक | २,५ |
| सिम्जुङ | ४,५,८,९ |
| भुल्मीचोक | ९,६,४,५ |

# विकासका लागि मानवीय सहायता सञ्चार परियोजना व्यवस्थापन समूह

| | |
|---|---|
| परियोजना संयोजक | सुशीला केसी |
| लेखा तथा व्यवस्थापन | लक्ष्मी लामा |
| परियोजना सहसंयोजक | लक्ष्मी भारती |
| | विपना श्रेष्ठ |
| हबका सदस्यहरु | सुमीक्षा खड्का |
| | जेनिस महर्जन |
| | किरण घिमिरे |
| | पूजा पौडेल |
| | केशव खड्का |
| | अब्राहम पौडेल |
| जिल्ला संयोजकहरु | |
| काठमाडौ | रोजिना बिष्ट |
| | राजेश घिमिरे |
| ललितपुर | तेजिला बज्राचार्य |
| | दामोदर कार्की |
| भक्तपुर | सरोनी शाक्य |
| | दिपेश बिशुंके |
| धादिङ | पूजा प्रजा |
| | ईश्वर श्रेष्ठ |
| रसुवा | यशोदा न्यौपाने |
| | प्रदीप आचार्य |
| सिन्धुपाल्चोक | सफलता भण्डारी |
| | सुवास दनुवार |
| काभ्रेपलाञ्चोक | सुर्या गौतम |
| | रामेश्वर आचार्य |
| नुवाकोट | जुनेली थापा |
| | रूपेश श्रेष्ठ |
| सिन्धुली | मुना थापा मगर |
| | रामकाजी घलान |
| रामेछाप | किरण थापा मगर |
| | सुरेन्द्र गोले |
| दोलखा | मनिषा कार्की |
| | राजन बस्नेत |
| गोरखा | शर्मिला राना मगर |
| | प्रताप ढकाल |

# विकासका लागि मानवीय सहायता सञ्चार परियोजनाको जम्मा आउटरिच




**OVERALL REACHOUT IN 12 AFFECTED DISTRICTS**

| | |
|---|---|
| Male | 24921 |
| Female | 29045 |
| Children | 27954 |
| Pregnant | 355 |
| Disable | 351 |
| Total | 53966 |

| No. | District | Boy Child | Girl Child | Pregnant | | |
|---|---|---|---|---|---|---|
| 01 | Gorkha | 781 | 901 | 96 | 2038 | 1634 |
| 04 | Nuwakot | 900 | 982 | 29 | 1900 | 1776 |
| 07 | Dolakha | 827 | 1145 | 42 | 2437 | 1791 |
| 10 | Kavre | 859 | 902 | 18 | 1821 | 1516 |
| 02 | Dhading | 1237 | 1264 | 20 | 2401 | 2102 |
| 05 | Rasuwa | 1280 | 1211 | 59 | 2469 | 2775 |
| 08 | Lalitpur | 989 | 1301 | 12 | 2669 | 1852 |
| 11 | Sindhuli | 1439 | 1548 | 12 | 3036 | 2789 |
| 03 | Sindhupalchok | 880 | 1020 | 15 | 2109 | 1847 |
| 06 | Kathmandu | 2116 | 2287 | 33 | 3649 | 3052 |
| 09 | Bhaktapur | 758 | 814 | 1 | 2065 | 1778 |
| 12 | Ramechhap | 1109 | 1404 | 3 | 2451 | 2009 |

| | |
|---|---|
| Brahmin | 11049 |
| Chhetri | 10759 |
| Dalit | 2411 |
| Janajaati | 28773 |
| Madhesi | 974 |

# बैठक सत्र लग :

**निर्देशनः** कृपया हरेक सत्रका लागि यो पाना भर्नुहोस् । यो सूचनाले हरेक बैठकका बारेमा जानकारी प्रदान गर्न मद्दत गर्दछ ।

१. जिल्ला : ................................नगरपालिका/गा.वि.स ................................वडा नं. ..........

टोलको नाम (यदि भएमा) ................................

२. स्वयंसेवकको नाम ................................

३. सत्रको प्रकारः ☐ समूह ☐ घर ☐ व्यक्तिगत

४. स्थानः ☐ सिविर ☐ घर ☐ समुदाय

५. सहभागी सङ्ख्याः ..........

६. मितिः ....................

७. सत्र सञ्चालन समय : .......... बाट ..........

८. **छलफल गरिएका विषयवस्तु :**

................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................
................................................................................

९. सहभागीबाट आएका सुझाव/सल्लाह/सवालहरू (कृपया बुँदामा लेख्नुहोस्)

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

१०. छलफलका उपलब्धिहरू (कृपया बुँदामा लेख्नुहोस् ।)

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

११. छलफलका चुनौतीहरू (कृपया बुँदामा लेख्नुहोस् ।)

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

१२. छलफलका सिकाइहरू (कृपया बुँदामा लेख्नुहोस् ।)

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

१३. वितरण संख्या

| क्र.संख्या | सामग्रीको नाम | वितरण संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## १४. सहभागीको विवरण

| नाम | महिला | पुरूष | उमेर | Contact No. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रतिवेदक मिति : ..........................................................

हस्ताक्षर : ..........................................................

नाम : ..........................................................

सम्पर्क नं. : ..........................................................

## युवालय

युवालय युवाद्वारा नेतृत्व लिइएको गैरसरकारी, गैरनाफामूलक संस्था हो ।यसले युवा र किशोरकिशोरीको क्षेत्रमा काम गर्दै आएको छ । बाल क्लबका पूर्व सदस्यहरु मिली किशोरकिशोरी र युवाहरुका लागि अवसर प्रदान गर्ने मञ्चका रुपमा सन् २०१३ मा यस संस्थाको स्थापना भएको हो ।हाम्रो उद्देश्य भनेको किशोरकिशोरी र युवाहरुलाई शिक्षा, स्वास्थ्य, आर्थिक, शासनमा अवसर प्रदान गर्नु र उनीहरुको सहभागिता, अनुसन्धान र वकालतको क्षमतालाई विकास गर्नु हो ।

**विकासका लागि मानवीय सहायता सञ्चार परियोजनासँग सम्बन्धित सुझाव र जिज्ञासाका लागि तलको ठेगानामा हामीलाई सम्पर्क गर्न सक्नुहुनेछ :**

**सम्पर्कका लागि ठेगाना**

Yuwalaya


**युवालय**

ज्वागल, ललितपुर-१०, नेपाल

फोन नं : (९७७) १-५२६१८४०

इमेल : info@yuwalaya.org.np/ yuwalaya.youth@gmail.com

वेबसाइट : www.yuwalaya.org.np

फेसबुक : www.facebook.com/yuwalaya.youth

ट्विटर : www.twitter.com/yuwalaya

ब्लग : www.yuwalaya.blogspot.com